मिति: ५ माघ २०७१

**प्रेस विज्ञप्ति**

बेलौरी -६, कञ्चनपुरकी सरस्वती खरेलको मृत्यु सम्बन्धमा शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी महिला सञ्जाल "संकल्प" को ध्यानाकर्षण भएको छ । संकल्प खरेलको मृत्यु शङ्कास्पद भएकाले घटनाको निष्पक्ष छानविन गरी सत्यतथ्य  सार्वजनिक गर्न आग्रह गर्दछ ।

मृतक २२ वषीय खरेलका श्रीमान् विदेशमा रहेका र विवाह भएदेखि र सासुससुराले दाइजो नल्याएको भन्दै यातना दिँदै आएको सार्वजनिक भएकाले संकल्प घटनाको निष्पक्ष छानविनकोलागि माग गर्दछ । खरेल परिवारले पोष्टमार्टमका लागि सरस्वतीको शरीर धनगढी पठाउन नदिएको र मानव अधिकार तथा महिला अधिकारकमीको दवाववमा कञ्चनपुरमै पोष्ट मार्टम गरिएकाले पनि घटना थप रहश्य मय हुन सक्ने कुरा संकल्पको कञ्चनपुर स्थीत जिल्ला केन्द्रित व्यक्तिको जनकारी अनुसार खरेलको मृत्यु शङ्कास्पद देखिएको छ ।

पोष्टमार्टमको प्रतिवेदन नआउँदै प्रहरी प्रशासनले खरेलले झुण्डिएर आत्महत्या गरेको हुनसक्ने बताएकाले घटना अन्यत्र मोडिन सक्ने देखिएकाले संकल्प पोष्टमार्टमको प्रतिवेदन तत्काल सार्वजनिक गर्न आग्रह गर्दछ ।

दुर्गा सोब
संकल्प


**Sankalpa Office**
PO Box 279
Bakhundol, lalitpur, Nepal
Ph No: +977-1-5554158/5544612, 016912305
Email: Info@sankalpa.org.np
Website: www.sankalpa.org.np